# राजविराज नगरपालीका

## नगर कार्यपालिकाको कार्यालय

## राजविराज, सप्तरी मधेश, प्रदेश, नेपाल

**प.स.**
**च.नं.**

**विषय : हटिया गुदडी बैठकी बट्टीको शिलबन्दी बोलपत्र आहवानको सूचना ।**

**दोश्रो पटक प्रकाशित मिति :२०७९।०४।०४ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम लिन पाउने वडा नं. ७ स्थित स्थायी र न.पा. क्षेत्र भित्र अस्थायी धुम्ती पसल बैठकी बट्टी समेतको असुल तहसिल गर्ने कार्यको ठेक्का आ.व. २०७९ श्रावण १ गते देखी २०८० अषाढ मसान्तसम्म वर्ष १ को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन इच्छुक व्यक्ति, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपुर्वक सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ । यो सूचना दोश्रो पटक प्रकाशित भएको मिति २०७९।०४।०४ गते देखी २०७९।०४।१० गते सम्म कार्यालय समय भित्र रु. १०००।०० (अक्षरेपी एक हजार)(फिर्ता नहुने) तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फारम भरी २०७९।०४।११ गते दिनको १२.०० बजे भित्र सिलबन्दी गरी यस नगरपालिकामा दर्ता गराउनु पर्ने छ । पर्न आएको सिलबन्दी बोलपत्र फारमहरु सोही दिनको २:०० बजे रितपुर्वक खोलिने छ ।

## शर्त तथा बन्देजहरु

१. आ.व. २०७९।०८० का लागि यस ठेक्काको न्युनतम रकम रु. ७५,०१,१११।०० (अक्षरेपी पछ्हतर लाख एक हजार एक सय एगार) कायम गरिएको छ । न्युनतम रकम भन्दा माथि सवै भन्दा बढी रकम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही वोलपत्र दातालाई नियमानुसार एक बर्षका लागि ठेक्का दिइ चलन गर्न दिईने छ ।

२. नगरपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, नगरपालिकाले कालो सूचिमा राखी सेवा रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले ठेक्का लिन पाउने छैन । बोलपत्रदाताको घरमा अनिवार्य सौचालय हुनु पर्ने छ ।

३. प्राप्त बोलपत्रहरु यो मिति २०७९।०४।११ गते अपरान्ह २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

४. बोलपत्र दिने व्यक्ति नेपाली नागरिक ५ प्रतिशत दरले बोलपत्र अंकको धरौटी रकम यस न.पा. कार्यालयको रा.वा. बैंकमा रहेको धरौटी खाता हि.नं. २१८००३०३००००००६ मा जम्मा गरि सो को सक्कलै भौउचर यस कार्यालयमा बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।

५. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाविधकार न.पा.का.मा सुरक्षित रहने छ ।

६. सदर हुने बोलपत्रदाताले ठेक्का अंकको दामासाहीले हुन आउने सम्पूर्ण ठेक्का रकम ३ (तिन) किस्तामा चुक्ता गर्नु पर्ने छ । पहिलो किस्ता रकम सम्झौता गर्दा नै अनिवार्य दाखिला गर्नु पर्ने छ । दोस्रो किस्ता रकम २०७९ साल कार्तिक मसान्त सम्ममा जम्मा गर्नु पर्ने छ । तेस्रो किस्ता रकम २०७९ चैत्र मसान्त सम्म अनिवार्य चुक्ता गर्नु पर्ने छ । तोकिएको समयामा किस्ता रकम चुक्ता नगरिएमा प्रतिदिन रु ५००।- (पाँच सय) विलम्ब शुल्क लाग्ने छ । विलम्ब शुल्क सहित थप ३० दिन सम्म ठेक्का रकम चुक्ता गर्ने अवधी रहने छ । सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका विच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह बक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी बढाउने छ । आ.व. २०७९।०८० सम्मको एक वर्ष अवधिको बांकी किस्ता वरावरको रकमको परफरमेन्स वण्ड (बैंक ग्यारेन्टी ) दिनु पर्ने छ । धन तथा जेथा जमानीलाई मान्यता दिईने छैन ।

७. ठेकेदारले राखेको बैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै बखत मांग गरी आफनो बक्यौता रकम असुल उपर गर्ने छ ।

८. ठेकेदारले ठेका रकम असुल उपर गर्दा सडकमा कुनै पनि प्रकारको ढाट वा अवरोधक हरु राख्ने पाउने छैन ।

९. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशनको विना शर्त पालना गर्नु गराउनु पर्ने छ । सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष मांग दावी ठेकेदारले गर्न पाउने छैन ।

१०. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ ।

११. ठेक्का चलन गर्दा तोकिएको दररेट भन्दा बढी रकम कुनै पनि हालतमा ठेकेदारले उठाउन पाउने छैन । न.पा. को छाप लागेको रसिद, भरपाई प्रयोजनमा ल्याउनुपर्ने छ । कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाएमा बढीमा ३ पटक सम्म न.पा.ले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसारको कारवाही का लागी प्रकृया अगाडी बढाउने छ ।

१२. नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।

१३. कुनै किसिमको हडताल, बन्दी चक्काजाम भएका दिनको रकम मिन्हा माग्ने पाईनेछैन ।

१४. स्वीकृत बोल कवोल अंकको रकम एक मुष्टजम्मा गरेमा कबोल अंक रकमको १० (दश) प्रतिशत छुट हुने छ ।

१५. ठेकेदारले न.पा.ले तोकेको दररेट ठेक्का उठाउने स्थलमा सबैले देख्ने गरि होर्डिंग बोर्ड बनाई राख्नु पर्नेछ ।

१६. ठेका चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्ने छ ।

१७. ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उतपन्न भएमा राजविराज नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

१८. कुनै पनि बाहाना वा कारण देखाई ठेक्का रकम मिनाहा, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन ।

१९. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

२०. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

**ठेकेदारले उठाउन पाउने दर रेट :**

## हटिया वट्टी दरवन्दी दर

| | दर | | दर |
|---|---|---|---|
| "क" श्रणीको चुरा चामल चट्टीदार पसल १ मा | २५।०० | निमक मात्र बेच्ने पसलमा | २०।०० |
| "ख" श्रणीको चुरा चामल चट्टीदार पसल १ मा | २०।०० | सिलाई मैसिन प्रति पसल एक मसिनमा | २०।०० |
| "ग" श्रेणीको चुरा चामल बट्टीदार पसल १ मा | १५।०० | "क" श्रणीको सावे डोरी बेच्ने पसल एकमा | २०।०० |
| चुना मथबोझी हाडीमा | १०।०० | "ख" श्रणीको सावे डोरी बेच्ने पसल एकमा | २०।०० |
| चुना छाछि कराहीमा | १०।०० | दाउरा गाडी बैल गाडी एकमा | ३५।०० |
| चुना भारवाला पसल एकमा | १०।०० | दाउरा थोक राखि बेच्ने पसलमा | ३५।०० |
| बांस गोटा एकमा | २०।०० | दाउरा भार एकमा | २०।०० |
| बांस गांडी एकमा | ९०।०० | दाउरा मथबोझी एकमा | १५।०० |
| बांस सानो एक जोडामा | २०।०० | पहाडी बांस प्रति बोझ एकमा | २०।०० |
| कर्ची गाडी एकमा | ४०।०० | खर प्रति गाडी एकमा | ३५।०० |
| कर्ची बोझ एकमा | १५।०० | खर भार एकमा | १५।०० |
| जलपान चमेनाको पसल एकमा | २०।०० | खर बोझा एकमा | १०।०० |
| | | दाउरा टेक्टर एकमा | ७०।०० |
| पान ढोली, थोक बिकी गर्ने पसल एकमा | २५।०० | जलपान चमेनाको पसल ढाकीवालामा | २०।०० |
| दही भारवाला पसलमा | १५।०० | पिठो मात्र पसल | २०।०० |
| दही मथबोझी, हाडीबाला पसलमा | १५।०० | शकर, गुर बेच्ने पसलमा | २०।०० |
| दही छाछि कराही पसलमा | १५।०० | दवाई जडिबुटि र सो सरह वेच्नॆ पसलमा | ३०।०० |
| खुरपी, हसुवा, चक्कु फलामे सर सामान वे.पसलमा | २०।०० | झाडु, कुचो, खररा प्रति पसल | २०।०० |
| "क" श्रणीको खैनी, सुर्ति, पीनी, कंकड प्र.प. | १५।०० | पटेर, परालको गुदडी बेच्ने पसल | २५।०० |
| "ख" श्रणीको खैनी, सुर्ति, पीनी, कंकड प्र.प. | १०।०० | नाड.लो सुप प्रति पसल | २०।०० |
| पेड,पौधा को बिरुवा बेच्ने प्रति पसल | ३०।०० | मोथेको सुकुल (पटिया) बेच्ने प्रति पसल | ३०।०० |
| मिल कपडा तथा फाटा कम्पनी समेतको प. | ३०।०० | बच्चाहरुको खेलौना हिडने संग | २०।०० |
| शिल्क कपडाको पसल एकको | २५।०० | ध्यु टिना सम्मको पसलमा | २५।०० |
| मिश्रित कपडाकोपसल, रेडिमेड कपडाको पसल | १४५।०० | ध्यु खुद्रा बेच्ने पसलमा | २०।०० |
| कम्वल, राडी, पाखीको पसलमा | २०।०० | ध्यु एक टिन भन्दा बढिको पसल | ३०।०० |
| टेपी, बटुवा आदिको पसलमा | १०।०० | सब्जी बैल गाडी पसल एकमा | ६०।०० |
| बिज, बिजन बेच्ने प्रति पसल | २५।०० | सब्जी चट्टिदार पसल (छानाछाप्रो भएको) | ३५।०० |
| मट्टितेल बेच्ने प्रति पसल | २०।०० | सब्जी ढाकिवाला चट्टिदार पसल | २०।०० |
| | | करुतेल खुद्रा बेच्ने पसल | २०।०० |
| आलु बोरा प्रति पसल | २०।०० | "क" श्रणीको किराना सामान बेच्ने पसल | २५।०० |

आलु साना ढाकीवाला ढाकी एकमा १५|००
अनाज खरिद गर्ने चट्टिदार पसल २५|००
"क" श्रणीको पैसारी,मनिहारी, लटकेना पसलमा ३५|००
"ख" श्रणीको पैसारी,मनिहारी, लटकेना पसलमा २०|००
चुडी, लहठी समेतको पसलमा २०|००
चुडीमात्रको पसल २०|००
लहठीमात्रको पसल १५|००
मलहनको पात बेच्ने प्रति पसल २०|००
मलहनको पातको भ्रीम बेच्ने प्रति पसल २०|००
सनपाटको डोरी, सिक बेच्ने पसल २०|००
अत्तर, तेल, दवाई, सावुन आदी प्रति पसल २०|००
प्रति हजाम २५|००
छाता मर्मत गर्ने पसलमा २०|००
जुत्ता मर्मत गर्ने पसल २०|००

"ख" श्रणीको किराना सामान बेच्ने पसल २०|००
किराना सामान बेच्ने पसल (भूईमा सानो) २०|००
माटोको भाडां मथबोभ्रि पसलमा २०|००
माटोको भांडा भारवाला पसला २५|००
बिस्कुटल लेमनचुस, आईसक्रिम बेच्ने पसलमा २०|००
तेजपात प्रति भार २५|००
तेजपात प्रति बोभ्र २०|००
काठको खडाउ, रही, बेल्ना आदि बेच्ने पसल २०|००
टोकरी, ढाकी, छिटा, बेच्ने प्रति पसल २०|००
अलमुनियम, टिना, पित्तले द्रब्यको भाडा प्र.प. ३०|००
पुस्तक बेच्ने प्रति पसल २०|००
चटक मटक खेल तमासा प्रति जमात २५|००
टार्च, ताला आदी मर्मत गर्ने पसल २०|००
सुखेको खुर्सानी प्रति बोरा, भारमा २०|००

**<u>सुन्तला, कटहर, केरा जामुन नासपाती कागती आदि समेतको पसलमा</u>**

क गाडी एकमा रु ५०|००
ख बोरा एकमा रु १५|००
ग भार एकमा रु २०|००
घ डोको एकमा रु १५|००
ड ढाकी एकमा रु १०|००
च सवै किसिमको फलफुलको मिलावट गर्ने पसलरु२०|००

**<u>माछा,मासु समेतको पसलमा</u>**

सवै किसिमको माछा ठुलो प्रति पसल रु ७५|००
माछा सानो सवै किसिमको प्रति पसल रु ५०|००
माछा सानो ५ के. जी. सम्मकोगरै, गरचुन्नी पोठी, आदी रु३०|००
खसी एकको रु ७५|००
बोका एकको रु ७०|००
हांस, मुर्गी प्रति जोडा रु २५|००
परेवा प्रति जोडा रु २५|००
अण्डा, डिम्वा प्रति पसल रु २५|००
पकाएको माछा मासु बेच्ने प्रति पसल रु ३०|००
मासु काचो बेच्ने प्रति पसल रु ७५|००

**<u>अन्य दरवन्दी दर</u>**

आंप वैलगाडी पसल एकमा रु ५५|००
आंप ढाकी पसल एकमा रु १५|००
आंप भार पसल एकमा रु २०|००
आंप वोरा पसल एकमा रु २०|००
आंप ट्रैक्टर पसल एकमा रु ३५०|००
आंप ट्रक पसल एकमा रु ६५०|००
प्लाष्टिक डोरी रु १५|००
सव्जी मंडीमा खुला सेड (१० फिट | १०फिट) एक को प्रति महिना रु. १५००|००

**नोट:** ग्राामिण भेगवाट आउने आलु प्रति वोरा १०|००, ग्राामिण भेगवाट आउने आलु प्रति वैलगाडी ३०|००, ग्राामिण भेगवाट आउने आलु प्रति ट्रैक्टर ७०|००, ग्राामिण भेगवाट आउने आलु प्रति ट्रक १७५|००, उपरोक्त उल्लेख भएको दरबन्दी भित्र नरहेको नपरेको माल बास्तको बैठक बट्टी रकम रु ३| देखि रु ३५|०० सम्म क्षमता अनुसार असुल गर्ने तथा मालवाहक हलुका तथा हैवी सवारी साधन हटिया भित्र पस्न मनाही छ अन्यथा हटिया वट्टी शुल्क जरिवाना वापत रु.३०० लाग्ने छ र सो तोकिएको जरिवाना निर्माण सामग्री वाहेक को रकम ठेकेदारले लिने छ |